अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः १३ | मितिः २०७८/०६/२४

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको रैथाने पन्छी प्रवर्धन कार्यक्रम संचालन कार्यविधि, २०७८ बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# रैथाने पन्छी प्रवर्धन कार्यक्रम संचालन कार्यविधि, २०७८

**प्रस्तावनाः**

कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाई कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्दी गरी कृषि तथा पशुपन्छी पालन व्यवसायलाई व्यवसायीकरण र आधुनिकीकरण तर्फ उन्मुख गराउनु को साथ् साथै लोप हुदै गएका रैथाने जातका पशुपन्छी पालनालाई प्रवर्धन गर्नु आजको आवश्यकता रहेको छ । तसर्थ रैथाने जातका पन्छीपालनलाई प्रोत्साहन गरि अजिरकोट गाउँपालिकामा रैथाने जातका पन्छीपालनलाई प्रवर्धन र व्यवसायीकरण गर्ने हेतुले गाउँपालिकाबाट स्वीकृत रैथाने पन्छी प्रवर्धन कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शीरूपले कार्यान्वयन गर्न अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयबाट यो कार्यविधि जारि गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम " रैथाने पन्छी प्रवर्धन कार्यक्रम संचालन कार्यविधि, २०७८ " रहेको छ ।

२) यो कार्यविधि अजिरकोट गाउँपालिका, गोरखाको गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि अजिरकोट गाउँपालिका भर लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले यस अजिरकोट गाउँपालिकालाई जनाउंदछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

४) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछु ।

५) समिति भन्नाले " छनौट समिति " सम्झनु पर्दछ ।

६) पन्छी भन्नाले रैथाने जातका पन्छी भन्ने बुझ्नु पर्दछ ।

## परिच्छेद ३

## उद्देश्यहरु

**३. उद्देश्यहरु :**

१) कृषकहरुले पालन गरेको रैथाने जातको कुखुरा (लोकल कुखुरा) का लागि व्यवस्थित खोर निर्माण यस व्यवसायलाई व्यवसायीकरण गर्नु ।

२) रैथाने जातको कुखुरा उत्पादन गर्नु ।

४) कृषि क्षेत्रमा लगानी बढाई व्यावसायिकता र उद्देमशिलताको प्रबर्धन गर्नु ।

## परिच्छेद ४

## छनौट प्रक्रिया

**४. छनौट समिति :**

छनौट समिति देहाय बमोजिमको हुनेछ :

| | | |
|---|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक | १ जना |
| ख) योजना शाखा प्रमुख | - सदस्य | १ जना |
| ग) प्राविधिक शाखा प्रमुख | - सदस्य | १ जना |
| घ) सम्बन्धित विषयगत समितिको संयोजक | - सदस्य | १ जना |
| ङ) पशु सेवा शाखा प्रमुख | - सदस्य सचिब | १ जना |

**५. छनौट समितिको काम कर्तब्य र अधिकार :** छनौट समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ,

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहिको प्राथमिकीकरण गर्ने,

ख) लाभ ग्राहिको छनौट गर्ने,

ग) कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा लैजाने,

घ) समितिको बैठक सम्बन्धि प्रावधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

२) छनौट भएका आवेदनहरू स्वीकृतिका लागि पशु सेवा शाखाले समिति समक्ष पेश पर्नेछ ।

३) समितिमा प्राप्त निवेदन उपर छलफल गरि समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ ।

## परिच्छेद ५
## कार्यक्रम संचालन

### ७. संचालन विधि

क) आवेदन पेश गर्नको लागि कम्तिमा ७ दिनको सार्वजनिक सुचना प्रकाशन गरिनेछ ।

ख) आवेदकले अनुसुचि २ बमोजिम निवेदन र कागजातहरु पेश गर्नुपर्नेछ ।

ख) स्थलगत अनुगमन, मुल्यांकन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले अनुदानाग्राही छनौट गर्नेछ ।

ग) छनौट भएका कृषक, कृषि फर्म,कृषि समूह र सहकारी संग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ।

घ) तोकिएको समय अवधिभित्र भित्र सम्झौता गर्न नआएको खण्डमा प्राथमिकताको आधारमा अन्य कृषकलाई कार्यक्रम प्रदान गरिने छ ।

ङ) सम्झौता भइसकेपछि छनौटमा परेका कृषकले प्राविधिक इस्टमेट बमोजिम खोरको मर्मत गर्ने, खोर निर्माण गर्ने कार्य गर्नुपर्दछ ।

च) रैथाने पन्छी प्रवर्धन कार्यक्रम अन्तर्गत खोर सुधारको लागि गाउँपालिका कार्यालयबाट ५०% अनुदानमा प्रति कृषक बढीमा रु.४००००/- का दरले अनुदान प्रदान गरिनेछ र कृषकले कम्तिमा ५०% बराबरको रकम साझेदारी /जनश्रमदान गर्नुपर्नेछ । अनुदान रकममा नियमानुसार कर कट्टी गरिनेछ ।

### ८. अनुदान रकम र भुक्तानी प्रक्रियाः

क) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराइने छैन र अन्य आवश्यक श्रोत/साधन आवेदक आफैले व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

ख) कार्यसम्पन्न भएपश्चात तपशिलका कागजातहरु गाउँकार्यपालिकाको कार्यालयमा पेश गरे पछि नियमानुसार अनुदान रकम एकमुष्ठ भुक्तानी गरिने छ ।

<u>तपशिल</u>

क) वडा कार्यालयको आन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्तरिय अनुगमन प्रतिबेदनको सक्कल प्रति

ग) आवश्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थान को फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

च) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन

छ) भुक्तानीको लागि निबेदन

**९. अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा पशु सेवा शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

**१०. भुक्तानी दिन बाध्य नहुने** :

१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौतामा उल्लिखित अवधि भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुने छैन ।

## परिच्छेद ६
## विविध

११. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ |

१२. **वाधा अड्काउ फुकाउ** : यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ |

१३. **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ |

## अनुसुचि — १
## (दफा ७(ख) संग सम्बन्धित)
## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढाँचा

मितिः.......................................

श्री मान् पशु सेवा शाखा प्रमुख ज्यु,
अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भच्चेक, गोरखा

**विषयः रैथाने पन्छी प्रवर्धन कार्यक्रम अन्तर्गत खोर सुधारमा सहभागी हुन प्रस्ताव पेश गरेको बारे**

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिका, पशु सेवा शाखाबाट मिति ............................मा प्रकाशित सुचना अनुसार ................................ शिर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरुः**

१) अघिल्ला दुइ आर्थिक बर्षमा कुनै कार्यालय / संस्थाबाट अनुदान प्राप्त गरे वा नगरेको उल्लेख गरि अनुदान लिन उपयुक्त भएको व्यहोरा सहितको निवेदन

२) आवेदकले आफुले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव

३) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए सो को व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र

४) नवीकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि एक प्रति

५) स्थाई लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति (भए)

६) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठक को अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपी

७) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

८) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि

९) सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि

<u>निवेदकको</u>
दस्तखत :
नाम,थर :
ठेगाना :
सम्पर्क नम्बर र छाप

**अनुसुचि २**

**(दफा ७(ग) संग सम्बन्धित)**

| क.स | कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| १. | पालन गरिरहेको लोकल कुखुरा संख्या | २०-३० का लागि — १५<br>३१-५० का लागि — २५<br>५० भन्दा बढी - ३५ |
| २. | लागत साझेदारीको अनुपात (कार्यालय : आवेदक) | १:१५ भन्दा बढी — १५<br>१:१ भन्दा बढी देखि १.१५ सम्म -१०<br>१:१ — ५ |
| ३. | कुखुरा चरिचरण गर्न प्रदान गरिने जग्गाको क्षेत्रफ़ल | ०.५ रोपनी भन्दा कमका लागि ५<br>०.५ रोपनी देखि १ रोपनी सम्म १०<br>१ रोपनी भन्दा बढी १५ |
| ४. | सम्बन्धित विषयमा ७ दिन भन्दा बढी तालिम लिएको | क) ७ दिन वा सो भन्दा बढी तालिम लिएको — १५<br>ख) ७ दिन भन्दा कम तालिम लिएको- १० |
| ५. | अघिल्लो आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको | नलिएको — १०<br>उल्लिखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको -५ |
| ६. | लक्षित् वर्ग | सिमान्तकृत २०, दलित र जनजाति १५, अन्य १० |
| ७. | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा भएमा — १०<br>ख) सहायक पेशा भएमा — ५ |
| ८. | फर्म दर्ता भएको | क) ३ वर्ष भन्दा बढी भएको - १५<br>ख) १ वर्ष देखि ३ वर्ष भएको - १०<br>ग) १ वर्ष भन्दा कम समय भएको - ५ |

# अनुसुचि ३

## प्रस्ताव-पत्र

**१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :**

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्न लगाउने) | १. कृषक समूह<br>२. सहकारी<br>३. दर्तावाल फर्म<br>४. कृषक |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| स्थाई लेखा नं. | |
| संस्थाको मुख्य उद्देश्य | |
| कार्यक्रम संचालन हुने स्थान | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भए, कुन संस्थाबाट के उद्देस्यको लागि वित्तिय सहयोग प्राप्त गर्नु भएको, खुलाउनुहोस | |
| विगत २ वर्षमा अजिरकोट गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |

**२. हालको व्यावसायिक विवरण :**

| क,स, | व्यवसाय | क्षेत्रफल् वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## २. क्रियाकलापको विवरण

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्न लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आफुले व्यहोर्ने | माग गरिएको | | | |
| पुँजीगत तर्फ | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| अन्य कार्यहरु | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

४. कार्यक्रम संचालनबाट प्राप्त उपलब्धीहरु

५. बजार योजना

६. नवीनतम सोच र दिगोपना :

# अनुसुचि ४

## सम्झौता पत्र

श्री अजिरकोट गाँउपालिका (यस पछीको पहिलो पक्ष मानिने) र................................................................. .यसपछी (दोस्रो पक्ष) मानिने को सयुंक्त प्रयासबाट स्थानीय पन्छी प्रवर्द्धन सहयोग कार्यक्रम संचालनका लागी तपशिलका सर्तहरु समेत पालना गर्नको लागी प्रथम पक्ष र दोस्रो पक्षकाबीच तपशिल बमोजिमको सहमति भई सहकार्यमा कार्य गर्न गराउन मन्जुर छौ ।

**तपशिल**

१. दोस्रो पक्षले प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितीले **७** दिनभित्र सुरु गर्नुपर्नेछ ।

२ .रैथाने पन्छी प्रवर्द्धन सहयोग कार्यक्रम संचालनका लागी प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार कार्य प्रगतिका र बिल भरपाई आधारमा कार्यसम्पन्न भएपशचात ५०% अनुदानमा बढीमा ............................ सम्झौता बमोजिमको रकम उपलब्ध गराउने छ ।

३. भुक्तानी दिँदा सम्बन्धीत बिषयको प्राबिधिक वा समितिको सिफारिस सहित कार्यप्रगतिको आधारमा गरिनेछ ।

४. भुक्तानी गर्ने सम्बन्धमा छनौट समिति मुल्याङकन गरी अन्तिम बिल सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसगँ अनुरोध गर्नुपर्नेछ र प्रथम पक्षले सम्पुर्ण प्रतिबेदन तथा बिलहरु प्राप्त भए पश्चात भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

५. स्थानीय पन्छी प्रवर्द्धन सहयोग कार्यक्रम संचालनका कार्यक्रमहरु ..................... भित्र सम्पन्न गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले रैथाने पन्छीपालन कार्यलाई कम्तीमा ५ बर्ष निरन्तरता दिनु पर्नेछ ।

७. पहिलो पक्षबाट प्राप्त अनुदानलाइ दोस्रो पक्षले दुरुपयोग गर्न पाउने छैन र त्यसो भएको पाईएमा निजबाट सो रकम असुल उपरको लागी प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिनेछ ।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ ।

| | |
|---|---|
| **प्रथम पक्ष:** | **दोश्रो पक्ष:** |
| नाम: | नाम: |
| पद : | पद: |
| संस्थाको छाप: | संस्थाको छाप: |
| मिति: | मिति : |

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत